# प्रधान सेनापति महारथी श्री राजेन्द्र क्षत्रीले 'सेना दिवस-२०७२' को उपलक्ष्यमा दिनुभएको सन्देश

रथीवृन्द, अधिकृत, पदिक तथा अन्यदर्जा !

१. "महाशिवरात्री एवं सेना दिवस-२०७२" को सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा तैनाथ रही कर्तव्यपालनमा समर्पित रहनुभएका नेपाली सेनाका सकलदर्जा, नेपाली सेना अन्तर्गत सेवारत निजामती कर्मचारीहरू, अवकाश प्राप्त सैनिकहरू लगायत परिवारजनमा सुख, शान्ति, समृद्धि र सु-स्वास्थ्यको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

२. नेपाल राज्यको स्थापनाकालदेखि नै राष्ट्रिय हितको रक्षार्थ आफ्नो प्राणको आहुति दिनुहुने सम्पूर्ण वीर वीराङ्गनाहरूको आत्माको चीर शान्तिको कामना गर्दै विभिन्न समयमा कर्तव्यपालनाको सिलसिलामा घाईते, अशक्त तथा बिरामी भई उपचार गराईरहेका सकलदर्जाको शीघ्र एवं पूर्ण स्वास्थ्यलाभको समेत कामना गर्दछु।

३. नेपाल र नेपालीको सर्वोपरी हितसँग नेपाली सेनाको इतिहास र परम्पराका साथै वर्तमान समेत घनिष्ट रूपमा जोडिएको छ । समस्त नेपालीहरूको आस्था र भरोसाको धरोहरको रूपमा विकसित गर्दै संस्थालाई हालको अवस्थासम्म ल्याउन सकलदर्जाले पुऱ्याउनु भएको योगदानको सहर्ष प्रशंसा गर्दछु।

४. नेपालको संविधान घोषणा भए पश्चात् आम जनअपेक्षा विपरित मुलुकमा केही समय असहज परिस्थिति सृजना भएको सबैलाई थाहै छ। विभिन्न क्षेत्र र तहमा भएका प्रयासहरुको फलस्वरुप हाल आएर समग्र परिस्थितिमा केही सुधार हुँदै गएतापनि पूर्णरूपमा परिस्थिति सामान्य भने अझै भईसकेको छैन । अहिले देखिईरहेका गतिविधिहरू राजनीतिक चरित्रको भएतापनि यसको तत्कालिन र दीर्घकालिन प्रभाव नेपालको राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता तथा संवैधानिक स्थायित्व र विकासमा समेत परेको र भविष्यमा समेत पर्न सक्ने देखिन्छ।

५. यसै सन्दर्भमा म नेपाली सेनाको जिम्मेवारी र दीर्घकालीन सोचको बारेमा तपाईंहरूलाई ३ वटा महत्वपूर्ण सन्देशहरू दिन चाहन्छु।

६. पहिलो, नेपालको संविधानले सुम्पेको जिम्मेवारीहरू असरदार रूपमा बहन गर्न नेपाली सेना हरहमेशा कटिबद्ध, सक्षम र तयार छ । त्यस्तै, सरकारले राष्ट्र र जनताको सर्वोपरी हितको लागि संवैधानिक प्रक्रिया अनुरुप प्रदान गर्ने सबै जिम्मेवारीहरूको पूर्ण रूपमा पालना गर्नु नेपाली सेनाको प्रमुख दायित्व हो।

७. दोस्रो, हामी सबैलाई अवगत भएकै कुरा हो, सुरक्षा कारवाही राजनीतिक प्रक्रियालाई सहज बनाउन उपयुक्त वातावरण सृजना गरी दिने माध्यम मात्र हो । सुरक्षा चुनौतीको दिगो समाधान गर्न त्यसको समाधान राजनीतिक रूपमा नै गरिनुपर्दछ। तथापि, देश नै टुक्र्याउने खालका तथा राष्ट्रिय एकता र भौगोलिक अखण्डतालाई खतरा पुऱ्याउने प्रवृत्तिका सुरक्षा चुनौतीहरू सृजना भएमा सरकारको निर्देशनानुसार विधिसम्मत् तरिकाले नेपाली सेना स्वतः

परिचालन हुनेछ । राष्ट्रिय हित प्रतिकुलका अवान्छित गतिविधिहरूको नेपाली सेनाले नजिकबाट सुक्ष्म तरिकाले अध्ययन र विश्लेषण गरी सोही अनुसारको रणनीति तयार गरी रहेको छ।

८. तेश्रो, प्राप्त जिम्मेवारीहरू प्रभावकारी ढङ्गबाट बहन गर्न चुस्त अपरेशनल तयारीपन र पेशागत दक्षता भएको फौजको रूपमा नेपाली सेनालाई आधुनिकीकरण गर्न अति आवश्यक छ। वास्तवमा सेनाको लोकतान्त्रिकरण भनेकै पेशागत रूपमा दक्ष, व्यवसायिक र आधुनिक फौजको रुपमा यसको विकास गर्नु हो।

९. नेपाली सेना, सारा नेपाली जनताको साझा राष्ट्रिय सेना हो । नेपाली जनताको सेनामाथिको भरोसा नै आफ्नो कर्तव्यपथमा अडिग रहन हामीलाई प्राप्त हुने ऊर्जाको श्रोत हो। नेपाली सेनाप्रति नेपाली जनताको यस भरोसामा ह्रास आउन दिनुहुँदैन ।

१०. सैनिक अनुशासनको मर्यादाभित्र रहेर आफ्ना सुझाव तथा पिरमर्काहरू चेन अफ कमाण्ड मार्फत् प्रतिवेदन गर्ने व्यवस्था रहेकै छ। त्यस्ता सुझाव र गुनासाहरु सम्बन्धितबाट समयमा सुनुवाई नभएको महशुस भएमा सेनाभित्र कै सिकायत जाँच निर्देशनालयमा लिखित वा मौखिक प्रतिवेदन गर्ने प्रावधानको समेत थालनी गरिएको छ।

११. व्यक्तिगत स्वार्थ पूरा गराउन संस्थाभन्दा बाहिरका विभिन्न क्षेत्रबाट सरूवा, बढुवा, शान्ति सेना लगायत अन्य विषयमा दवाव दिन लगाउने प्रवृत्ति नेपाली सेनाको मर्यादा र छवि सुहाउँदो प्रवृत्ति नभएकोले यस पवित्र संस्थामा यस्ता गतिविधिहरुलाई निरुत्साहित गरिन्छ।

१२. सूचना र सुरक्षा एक अर्काका परिपूरक विषयहरु हुन्। सूचना प्रविधिको विस्तारसँगै बढ्दो विश्वव्यापिकरणले एकातर्फ सूचनाको प्रवाहलाई सरल बनाउँदै सूचना माथिको पहुँचलाई सहज तुल्याएको छभने अर्को तर्फ सुरक्षा जटिलता बढाउँदै लगेको छ । सैनिक मर्यादा र सुरक्षाप्रति सचेत रहँदै सामाजिक सञ्जालको सदुपयोग गर्न सकलदर्जाको लागि “Social Media Policy” लागू भइसकेको छ भने “Cyber Security Directives” निकट भविष्य मै जारी हुनेछ।

१३. सेनाको सफलताको एक प्रमुख आधार भनेको असरदार तालिम हो । नेपाली सेनामा अधिकृतहरूको लागि विद्यमान तालिमहरूको अतिरिक्त Senior Command स्तरको Unit Command and Staff Course (UCSC) को शुरूवात गरिने छ। यसले अधिकृत तालिमहरूको विभिन्न तहमा सिक्नुपर्ने विषयहरुलाई निरन्तरता प्रदान गर्ने विश्वास लिइएको छ । जस्तै, Company Commander and Staff Course (CCSC) तहमा डक्ट्रिन सिक्ने, Unit Command and Staff Course (UCSC) तहमा त्यसलाई कार्यान्वयन गर्ने र Higher Command and Management Course (HCMC) मा डक्ट्रिनको आवश्यकता अनुसार परिमार्जन र विकास गर्ने मूल उद्देश्यका साथ यी तालिमहरू संचालन हुने छन् । साथै, Command and Staff College मा उल्लेखित तालिमहरूका आवश्यक विषय वस्तुहरू समेत समावेश गरी नेपाली

सेनाका युनिट, फर्मेशन र जङ्गी अड्डाका साथै अन्तर्राष्ट्रिय क्षेत्रमा प्रभावकारी ढङ्गबाट कार्य सम्पादन गर्न सक्ने सक्षम अधिकृतहरू तयार गर्न जोड दिइनेछ।

१४. नेपाली सेनाको समग्र तालिम तथा शिक्षा प्रणालीको सर्वोच्च छाता संरचनाको रूपमा राष्ट्रिय सुरक्षा विश्वविद्यालय (National Defense University) स्थापना सम्बन्धमा अध्ययन भईरहेको छ।

१५. त्यस्तै, पदिक तथा अन्यदर्जाको शैक्षिक स्तरलाई अभिवृद्धि गर्ने उद्देश्यले वर्तमान सैनिक शिक्षण पक्षलाई स्तरोन्नती गरी उच्च माध्यामिक विद्यालय तहसम्मको शिक्षा प्रदान गर्ने स्वीकृतिको लागि प्रक्रिया अन्तिम चरणमा पुगिसकेको छ।

१६. आउँदा दिनहरूमा तालिमलाई अझ असरदार र व्यवहारिक बनाउन जङ्गी अड्डाबाट अझ स्पष्ट Strategic Guidance र National Framework उपलब्ध गराउन आवश्यक गृहकार्य शुरू गरिएको छ। साथै फिल्ड फर्मेशनहरूको राय सुझाव अनुसार सामुहिक तालिम र पेशागत प्रतियोगिताको सञ्चालन विधिलाई समयानुकूल परिमार्जन गर्दै लगिनेछ।

१७. नेपाली सेनालाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्न संचालन गरिने तालिमहरूको क्षेत्र विस्तार गर्ने क्रममा दुइपटक पाईलट तालिम सञ्चालन भइसकेको छ। पाईलट तालिमलाई अझ प्रभावकारी बनाउन आवश्यक पर्ने Trainer जहाज प्राप्त गर्नको लागि आवश्यक प्रक्रिया अघि बढाई सकिएको छ।

१८. आधारभूत सीप र कलाको निपूर्णतालाई कायम राख्न सञ्चालन गर्ने लक्ष्य राखिएको "Back to Basics" अभियानको लागि धेरै सुझाव तथा सकारात्मक प्रतिक्रियाहरू प्राप्त भएका छन् । तपाईंहरू कै राय सुझावमा आधारित रहेर यसको प्याकेज तयार भई कार्यान्वयनमा गएको छ। त्यस्तै, जवानहरूको जाइलाग्ने पन र आत्मविश्वासलाई अभिवृद्धि गर्नको लागि Army Unarmed Combat सम्बन्धी दक्षतालाई असरदार रुपमा लागू गर्दै लैजाने कार्य अघि बढि रहेको जानकारी गराउँदछु।

१९. भनिन्छ, जसले आफ्नो इतिहास बिर्सन्छ, उसले विगतका दुःखहरू पुनः व्यहोर्नुपर्छ। हाम्रा पूर्वजहरूको त्याग र बलिदानको इतिहास र हामीले भोगेका अनुभवहरूको संस्थागत रूपमा अभिलेखीकरण गर्न Khampa Operation, विनाशकारी महाभूकम्प तथा विगतको द्वन्द्व जस्ता महत्वपूर्ण घटनाहरूको दौरान सिकेका पाठहरूलाई लिपिबद्ध गर्ने काम भइरहेको छ।

२०. सेनामा समय र परिस्थिति सुहाउँदो सङ्गठनिक संरचनाको आफ्नै महत्त्व रहन्छ। वर्तमान परिस्थितिको आवश्यकता अनुसार नेपाली सेनाको सांगठनिक संरचनालाई पूर्न सन्तुलन (Rebalance) तथा विभिन्न नियमावलीहरू संशोधन गर्ने कार्य भई रहेको छ। यस कार्यमा मूलतः "समस्याको सही पहिचान र सो को आवश्यकता अनुसारको निराकरण (Accurate Identification and Surgical Corrections) को सिद्धान्त अपनाइएको स्पष्ट पार्न चाहन्छु।

२१. संशोधित नियमावलीहरूको मस्यौदा तयार हुनासाथ यस बारेमा व्यापक समिक्षा गर्न तपाईंहरूको राय सुझावहरू संकलन गर्न निर्देशन दिएको छु। व्यक्तिगत स्वार्थ भन्दामाथि

उठेर संस्थाको दीर्घकालीन हितलाई शिरोपर गरी आफ्नो राय सुझावहरू पठाउनु हुन्छ भन्नेमा म विश्वस्त छु।

२२. पूर्न सन्तुलन (Rebalance) को खाकाले मूलतः नेपालको संघीय संरचना अनुसार नेपाली सेनामा आवश्यक सांगठनिक फेरबदल लगायतलाई सम्बोधन गर्ने विश्वास लिएको छु। साथै, बृहद अध्ययन (Comprehensive Strategic Review) पश्चात् दीर्घकालीन रूपमा कार्यान्वयन हुने पूर्न संरचना (Restructure) को प्रारम्भिक योजना समेत श्री रक्षा मन्त्रालयको पहलमा सुरु भईसकेको बारेमा सकलदर्जालाई जानकारी गराउन चाहन्छु।

२३. भनिन्छ, सेनामा एउटा सौखिन वा सिकारुले Tactics मा बहस गर्छ भने पेशेवरले Logistics मा (Amatuers discuss tactics, Professionals discuss Logistics) । सैनिक बन्दोबस्ती पक्षको यसै महत्त्वलाई गम्भिरतापूर्वक मनन् गर्दै नेपाली सेनाको बन्दोबस्ती प्रणालीलाई अझ प्रभावकारी बनाउन हालको मद्दती गणहरू जस्तै छुट्टै बन्दोबस्ती समूह बनाउने तर्फ अध्ययन कार्य अघि बढाइएको छ।

२४. देशमा समय समयमा हुने इन्धन अभाव र त्यसले हाम्रो नियमित कार्यहरुमा पुऱ्याउने असरलाई दीर्घकालीन रूपमा समाधान गर्नेतर्फ हाललाई विभिन्न २१५ स्थानहरूमा रहेका ब्यारेकहरुमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँग सहकार्य गरी बायो ग्याँस प्लाण्ट जडान गर्न आवश्यक समन्वय भईरहेको छ।

२५. हालको राशन स्केलमा आवश्यक परिमार्जन गर्नेतर्फ अध्ययन भइरहेको छ। त्यसै गरी अपरेशनको दौरान प्रयोग गर्न आवश्यक क्यालोरी युक्त तयारी खानेकुरा Meal Ready to Eat (MRE) उपलब्ध गराउने सम्बन्धमा अध्ययन भई रहेको छ।

२६. त्यस्तै हाल प्रयोगमा रहेका पोशाकहरूलाई थप सरल, व्यवहारिक र आकर्षक ढङ्गले परिमार्जन गर्ने योजना अनुसार सकलदर्जाको लागि कार्यालय पोशाकमा प्रयोग गर्न ज्याकेटको व्यवस्था गरिएको छ।

२७. हालको टयुनिकलाई सबै समारोह र कार्यक्रमहरूमा प्रयोग गर्नु पर्ने बाध्यतालाई हटाउन रथीवृन्द तथा अधिकृतहरूलाई सेतो रङ्गको मेश किटको व्यवस्था गरिएको छ।

२८. मण्डी, मोजा, बालक्याप, इनरभेष्ट ट्राउजर, किट ब्याग र झुल उत्पादनमा नेपाली सेना आत्मनिर्भर भइसकेको छ।

२९. वि.सं.२०५६ सालबाट बन्द अवस्थामा रहेको हेटौंडा कपडा उद्योगलाई नेपाली सेनाले जिम्मेवारीमा लिई पुनः सञ्चालन गर्न र कपडाहरू उत्पादन गर्न रक्षा मन्त्रालय मार्फत प्रक्रिया सुरु गरी सकिएको छ।

३०. त्यस्तै, अत्याधुनिक ढाँचाको अति बलियो धातुको खुकुरी उत्पादन गर्न Manufacturing Plant स्थापनाको काम सम्पन्न हुने अवस्थामा छ।

३१. पर्यावरणीय सन्तुलन र स्वच्छ एवं स्वस्थ्य वातावरण निर्माण गर्ने उद्देश्यले शुरू गरिएको "Go Green Campaign" अन्तर्गत जङ्गी अड्डाको वरिपरी Running Track बन्दै गरेको छ।

त्यस्तै, फर्मेशन, युनिट सब युनिटहरूमा समेत मेरो निरिक्षण भ्रमणको दौरान यस अभियानको सकारात्मक प्रभाव देखिसकेको छ । साथै यसलाई अभियानकै रूपमा गम्भिरतापूर्वक अझै अगाडि बढाउन प्रोत्साहन गर्न चाहन्छु ।

३२. नागरिक-सैनिक सम्बन्धको महत्त्व र आवश्यकतालाई प्राथमिकता दिदैं आम नागरिकहरूसँगको सम्बन्धलाई नेपाली सेनाले आगामी दिनहरूमा थप विकास गर्दै लैजाने छ।

३३. स्थानीय निकाय र जनताहरूको बृहत सहभागिता हुने Quick Impact Project (QIP) हरूमा नेपाली सेनाले महत्त्वपूर्ण आर्थिक सहयोग तथा श्रमदान गरेको छ। यही २०७२ पौष महिनाबाट कार्य प्रारम्भ गरिने यस्तै Project हरूमा श्रमदान बाहेक नै नेपाली सेनाले करिब रू.२८,५०,०००। उपलब्ध गराएको छ ।

३४. नेपाली युवाहरूको बहुआयामिक व्यक्तित्व विकास गर्दै उनीहरू कै योगदान र समर्पणद्वारा राष्ट्रको स्वर्णिम भविष्यको परिकल्पना गर्ने राष्ट्रिय सेवा दलको भूमिका पनि नागरिक-सैनिक सम्बन्ध सुदृढ गर्न महत्त्वपूर्ण रहेको छ । आगामी दिनहरूमा राष्ट्रिय सेवा दलले गरिरहेको युवा नेतृत्व विकास कार्यक्रमको दायरालाई थप फराकिलो बनाउँदै लगी देशका सबै जिल्लाहरूमा यसको पहुँच विस्तार गरिने योजना रहेको छ।

३५. सैनिक कुटनीति पनि नागरिक-सैनिक सम्बन्ध तथा राष्ट्र तहको कुटनीति कै एउटा सहयोगी यन्त्र भएकोले परिस्थितिको आवश्यकता अनुसार र नेपाल सरकारको निर्देशन अनुरूप जङ्गी अड्डा तहबाट यस सम्बन्धी पहल कदमी गर्नु सान्दर्भिक नै हुन्छ । सैनिक कुटनीतिकै क्रममा गत महिना मेरो भारत भ्रमण सफलतापूर्वक सम्पन्न भएको छ भने निकट भविष्यमा मित्रराष्ट्र चीन र संयुक्त राज्य अमेरिकाको भ्रमण गर्ने कार्यक्रम रहेको छ।

३६. शान्ति स्थापना कार्यमा नेपाली सेनाको सहभागिता विस्तारका लागि अवसरको सृजना गर्न संयुक्त राष्ट्र संघको मुख्यालयबाट Advanced Advisory Visit (AAV) सञ्चालन गराई नेपाली सेनाको क्षमता र तयारीको प्रदर्शन गर्नेतर्फ गृहकार्य अगाडि बढाइएको छ।

३७. त्यस्तै, हाल नेपाली सेना तैनाथ भएका शान्ति सेना मिशनहरूमा Contingent Own Equipment (COE) को स्तर अभिवृद्धि गर्न नयाँ गाडी तथा उपकरणहरू क्रमिक रूपमा व्यवस्था गरिदै छ।

३८. श्री वीरेन्द्र शान्ति कार्य तालिम केन्द्र, पाँचखालमा अमेरिकी सेनाको Pacific Command को सहयोगमा निर्माण भएको Central Training Complex यही फाल्गुन २६ गते नेपाली सेनालाई हस्तान्तरण गरिदैं छ। अत्याधुनिक प्रविधि समेतले सुसज्जित यस बहुउद्देश्यीय भवन (Multipurpose Building) ले हाल पाँचखालमा सञ्चालन हुने Pre-deployment तथा अन्य शान्ति सेना सम्बन्धी तालिमहरूको प्रभावकारीतामा अवश्य वृद्धि गर्नेछ।

३९. गत वैशाखमा गएको विनाशकारी भूकम्पबाट जङ्गी अड्डा, वीरेन्द्र अस्पताल लगायत करिव ११०० सैनिक संरचनाहरू क्षतिग्रस्त भएको हुँदा यसको योजनाबद्ध रूपमा पुर्ननिर्माण

गर्नुपर्ने जिम्मेवारी आइपरेको छ। बजेट उपलब्धता तथा सरकारको नीतिगत प्राथमिकताको परिधिभित्र रही पुनर्निर्माण कार्यलाई तीव्र रूपमा बढाउन नेपाली सेना तत्पर छ।

४०. यसै क्रममा प्रतिष्ठित तथा उत्कृष्ट डिजाइन साथै उच्च गुणस्तरको जङ्गी अड्डा करिब २ वर्षभित्र तयार गर्ने योजना भइसकेको छ।

४१. नेपाली सेनाका सकलदर्जाको खोज र अध्ययन कार्यमा प्रत्यक्ष लाभ पुऱ्याउने हेतुले उच्च स्तरको सैनिक पुस्तकालय स्थापना गर्न गृहकार्य भइरहेको छ।

४२. भूकम्पले क्षति पुऱ्याएको छाउनीस्थित वीरेन्द्र अस्पतालको पुनर्निर्माणको लागि सरकारबाट प्राप्त हुने बजेट नआउँदासम्म नेपाली सेनाको आफ्नै श्रोत र साधनबाट अत्यावश्यक पुनर्निर्माणको कार्य अघि बढाइएको छ। यसै सिलसिलामा हालको OPD लाई स्तरोन्नती गरी करिब डेढ वर्षभित्र सुविधा युक्त Family OPD को निर्माण गरिनेछ।

४३. मेरो कमाण्ड मार्ग निर्देशनमा उल्लेख भए अनुसार हिमाल, पहाड र तराईमा एक एक मोडल व्यारेक निर्माण गर्ने योजना अनुरूप, तराईको मोडल व्यारेक बारा जिल्लामा निर्माण गरिने जानकारी गराउँदछु।

४४. पुर्ननिर्माण सँगसँगै नेपाली सेना राष्ट्र विकास र निर्माणको कार्य गर्न कटिवद्ध छ। बेत्रावती-रसुवागढी सडकको मैलङ्ग-स्याफ्रुवेसी खण्ड विस्तार तथा स्तरोन्नतीको लागि नेपाल सरकारले नेपाली सेनालाई दुई वर्षभित्र पूरा गर्ने गरी जिम्मेवारी सुम्पेको छ। तोकिएको समयावधी भन्दा अगावै उदाहरणीय स्तरमा कार्य सम्पन्न गर्ने अठोटका साथ हामी अघि बढेका छौं।

४५ विपद् व्यवस्थापनको महत्वपूर्ण कार्यलाई प्रभावकारी बनाउने हेतुले बिगतको भूकम्पमा नेपाली सेनाको आफ्नै अनुभव तथा सिकेका पाठहरूमा आधारित रहेर विद्यमान राष्ट्रिय विपद् व्यवस्थापनको संरचनामा आवश्यक परिमार्जनको लागि सरकारलाई राय सुझाव पठाउने कार्य भइसकेको छ।

४६ त्यस्तै, नेपाली सेनाले विपद् व्यवस्थापनको आफ्नै संस्थागत तयारीमा पनि जोड दिइरहेको छ। यसै सिलसिलामा अमेरिकी सेनाको Pacific Command तथा नेपाली सेनाको सह आयोजकत्वमा मिति २०७२ साल फाल्गुन २७ गतेदेखि चैत्र ५ गतेसम्म २३ मुलुकका २५० जना अधिकृतहरूको सहभागिता रहने गरी Multinational Planning Augmentation Team Tempest Express-28 (MPAT TE-28) Planning Workshop सञ्चालन हुन लागेको छ।

४७. नेपाली सेनाको खोज तथा उद्धार कार्य क्षमताको अभिवृद्धि गर्न सरकारबाट बजेट प्राप्त हुने गरी हेलिकप्टरहरू, ईन्जिनियरीङ्ग उपकरण तथा मेडिकल उपकरणहरू थप खरिद गर्ने प्रक्रिया अघि बढाइएको छ।

४८. प्रकृति संरक्षण कार्यमा तैनाथ रही प्रभावकारी ढङ्गबाट कार्य सम्पादन गरिरहेका नेपाली सेनाका सकलदर्जाको मेहेनतस्वरूप तेस्रो पटक 'Zero Poaching Year' मनाउन सफल भएको छ।

४९. यस सफलतालाई मूर्त रूप दिन नेपाली सेनासँग हातेमालो गर्दै प्रकृति संरक्षणमा लाग्नु भएका सबै सरोकारवालाहरूको सहयोग र योगदानको समेत म प्रशंसा गर्दछु।

५० .राष्ट्रिय खेल क्षेत्रको वृहत्तर विकासको लागि नेपाली सेनाले आफ्नो तहबाट प्रयास गरी नै रहेको छ। यसै क्रममा यही फाल्गुनको दोस्रो हप्ता 1st COAS National Volleyball Tournament" को आयोजना गरिएको थियो। त्यस्तै, दुई दिन अघि मात्र "UNITED WE STAND-COME STAND WITH US" भन्ने मूल नाराका साथ आयोजना गरिएको "1st COAS Open Marathon and Run for Fun" मा सबै क्षेत्रबाट भएको उत्साहजनक सहभागिताको लागि धन्यवाद दिन चाहन्छु।

५१ . नेपाली सेनाको अपरेशनल प्रभावकारितालाई चुस्त र दुरूस्त राख्न सकल दर्जाको कल्याण तथा भलाईका योजनाले महत्वपूर्ण भूमिका खेल्ने कुरामा कुनै दुई मत छैन।

५२ . मैले प्रधान सेनापतिको पद बहाल गरेपश्चात् गरेको सम्बोधनमा उल्लेख भएका राहत तथा सुविधाहरू लागु भइसकेको छ।

५३. त्यस्तै, मिति २०७२ बैशाख १२ र २९ गते गएको विनाशकारी भूकम्प तथा सो पछि गएका परकम्पनका कारणबाट मृत्यु, वेपत्ता तथा भौतिक क्षति भएका नेपाली सेनाका बहालवाला तथा अवकाश प्राप्त ५१,५२३ जना सैनिकहरूलाई पुग्न गएको क्षतिप्रति संवेदनशील भई सैनिक कल्याणकारी कोषबाट रू.२ अर्ब ३९ करोड ९८ लाख ३२ हजार राहत रकम वितरण गरी सकिएको छ।

५४. सैनिक कल्याणकारी कोषको तर्फबाट प्रदान गरिदै आएको सहुलियत ऋण लिएका व्यक्तिको मृत्यु भएमा निजको नजिक हकवालाबाट लिदैं आएको व्याज तथा विलम्व शुल्क मिनाहा गर्ने व्यवस्था गरिएको छ।

५५. त्यस्तै सैनिक कल्याणकारी कोषको तर्फबाट बहालवाला सकल दर्जाहरूलाई प्रदान गरिँदै आएको सहुलियत कर्जाको बार्षिक व्याजदर ५.७५प्रतिशतलाई पुनरावलोकन गरी ५ प्रतिशत कायम गर्ने एवं कर्जा रकमको सीमा वृद्धि गर्ने प्रकृया समेत अगाडि बढाईएको छ।

५६. हाल नेपाली सेनाको कल्याणकारी बोर्ड मार्फत अवकाश प्राप्त सैनिक व्यक्तिहरूलाई मात्र लघु वित्त कर्जा उपलब्ध भइरहेकोमा वहालवाला सकलदर्जाको परिवारहरूलाई समेत सरल व्याजदरमा लघुवित्त कर्जा उपलब्ध गराउने व्यवस्था भएको छ।

५७. नेपाली सेनाका सकलदर्जाहरूले प्राप्त गर्दै आएको क्लोदिङ्ग, वासिङ्ग र हेयर कटिङ्ग भत्ताहरू २०५४ सालको तलवमान अनुसार भएको हुँदा सो भत्तालाई समय सापेक्ष परिमार्जन गर्न प्रकृया अगाडि बढाउने तर्फ कार्य भइरहेको छ।

५८. बहालवाला सैनिकहरूको परिवारहरूलाई आधारभूत आवश्यकताहरूको पहुँच हुने गरी सर्लाही, धनुषा, सप्तरी र तनहुँमा ८० परिवार क्षमताको ४(चार) वटा परिवार आवास गृह निर्माण कार्य शुरू गरिएको छ।

५९. असहज परिस्थितिमा ईन्धनको अभाव हुँदा सैनिक फ्युल स्टेशनको महत्वलाई मनन् गरी नेपाली सेनाको काठमाडौं बाहेक अन्य शहरमा पनि फ्युल स्टेशन स्थापना गर्ने योजना अघि बढाइएको छ।

६०. जस अनुसार  बुटवलको रामनगरमा यसै आर्थिक वर्षबाट फ्यूल स्टेशन संचालन गर्ने र अर्को चरणमा तनहुँको खैरेनीटारमा समेत फ्युल स्टेशन निर्माण गर्ने योजना रहेको छ। यसको अलावा काठमाडौं उपत्यका भित्र सैनिक व्यक्ति तथा अवकाश प्राप्त व्यक्तिहरूको प्रयोगको लागि छुट्टै फ्यूल स्टेशन निर्माण गर्ने तर्फ अध्ययन भइरहेको छ।

६१. नेपाली सेनालाई नेपाल सरकारबाट प्राप्त भएको विशेष सहयोग र सद्भावको लागि "सेना दिवस" को यस अवसरमा म पुनः आभार व्यक्त गर्दछु। नेपाली सेनालाई आधुनिक र व्यवसायिक सेनाको रूपमा विकसित गर्दै लैजान आगामी दिनहरूमा पनि आवश्यक सहयोग उपलब्ध हुने नै छ भन्नेमा समेत म विश्वस्त छु।

६२. अन्तमा, हामीलाई कर्तव्यपथमा अविचलित रहन निरन्तर प्रेरणा दिई रहनु हुने स्वदेश र विदेशमा रहनु भएका सम्पूर्ण आदरणीय नेपालीहरू, नेपाल सरकारका विभिन्न निजामति एवं अन्य सुरक्षा निकायमा कार्यरत महानुभावहरू, मित्रराष्ट्रका सैनिक संगठनहरू, सञ्चार जगत, विभिन्न संघ-संस्थाहरूप्रति नेपाली सेनाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु। साथै, नेपाल र नेपाली जनताको हितमा सदा झैं दृढ र एकतावद्ध भएर काम गर्न सकलदर्जालाई प्रेरणा प्राप्त भइ रहोस् भनी शुभेच्छा प्रकट गर्दै "सेना दिवस २०७२" को उपलक्ष्यमा तपाईंहरू सबैमा उत्तरोत्तर प्रगति र सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

१ नेपाली सेनाको जय। नेपाल आमाको जय।

२ धन्यवाद।

मितिः २०७२/११/   गते।

राजेन्द्र क्षत्री
महारथी
प्रधान सेनापति